सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.स.: २०८०/०८१
च.न. 233

मिति:२०८०/०५/२४

### अनुदानमा कृषि कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०५।२४

सशर्त अनुदान कार्यक्रम अन्तर्गत **रैथाने बालि प्रवर्द्धन कार्यक्रम** यस कृषि शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८०/०८१ को लागी संघिय सरकारबाट हस्तान्तरित वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रममा सहभागी हुन इच्छुक अन्नपूर्ण गाउँपालिकाका कृषक, कृषि उद्यमी/कृषक समूह, कृषि सहकारी, निजी फर्म र कृषि कम्पनीहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कृषि शाखामा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

### रैथाने बालि प्रवर्द्धन कार्यकम अन्तर्गत सञ्चालन गरिने कार्यकमहरु :

| क्र सं | कार्यक्रमको नाम | बिनियोजित बजेट रु | कार्यलयको अनुदान (%) | कृषकको लागत(%) | कार्यक्रम संख्या | कार्यक्रमको लागि आवश्यक मापदण्ड | गरिने कियाकलापहरु |
|---|---|---|---|---|---|---|---|
| १ | बिउ किट बितरण | १४०,०००। | नि:शुल्क | नि:शुल्क | छनोट भएका कृषक | कृषक, कृषि फर्म, कृषि कम्पनी कृषक समूह वा कृषि सहकारी हुनु पर्नेछ । | कादो, कागुनो,चिनो, उवा, फापर, जुनेलो, जौं, गहुँ, गहत, भटमास, तोरी, सिमी, सुर्यमुखीको बीउ बितरण |
| २ | क्षेत्र बिस्तार प्रोत्साहन अनुदान | ५००००। | नि:शुल्क | नि:शुल्क | छनोट भएका कृषक | कृषक, कृषक समूह कृषि कम्पनी वा कृषि सहकारी संस्था हुनु पर्ने । आफ्नो तथा लिजमा लिएको कम्तिमा पछिल्लो तिन बर्ष खेति नगरी बाँझो रहेको जमिन खनजोत गरी स्थानिय तहले तोकेका रैथाने बालीको खेति गर्ने कृषकलाई अनुदान उपलब्ध गराउन सकिनेछ । | प्रति कठ्ठा रु ६०० वा प्रति रोपनि बढिमा रु ९००। का दरले खर्च गर्न सकिनेछ । ४५ दिन पछि प्राबिधिकले स्थलगत अनुगमन गरी बाली लगाएको क्षेत्रफल यकिन गरी अनुदान सिफारिस गर्नुपर्ने छ । |
| ३ | रैथाने बालीको उत्पादनमा प्रोत्साहन अनुदान | २०,०००। | नि:शुल्क | नि:शुल्क | छनोट भएका कृषक | रैथाने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरी खेति बिस्तार गर्न सहयोग पुर्‍याउने रैथाने बालीको खेति गर्ने कृषकलाई | प्रति किलो बढिमा रु १० प्रोत्साहन रकम उपलबध गराईनेछ। |



हेमन्त थापा

सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np


प.स.: २०८०/०८१

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादनको आधारमा पोत्साहन अनुदान दिईनेछ । | |
| ४ | नमुना भकारो सुधार अभियान/ सुधारिएको गोठेमल | ७०,०००। | ५०% | ५०% | १ | कम्तिमा १० घर क्लस्टरमा कार्यकम संचालन हुने गरी लाभग्राहीसंगको सम्झौता गरी कियाकलाप संचालन गरीनेछ । | यस अन्तर्गत आबश्यक सामाग्रीमा ५० प्रतिशत सम्म अनुदान वा प्रति परिवार बढिमा रु ७००० ।का दरले अनुदान दिन सकिनेछ । |
| ५ | कम्पोष्ट मल तयारी | ५०,०००। | ५०% | ५०% | १ | गड्यौला मल तथा स्थानिय बायोमाराको प्रयोग गरी कम्पोष्ट मल तयारी गर्ने कृषकलाई अनुदान दिईनेछ । | गड्यौला मल तथा स्थानिय बायोमाराको प्रयोग गरी कम्पोष्ट मल तयारी गरीनेछ । |
| ६ | कोसेबालीको उन्नत बिउ बितरण | ५०,०००। | नि:शुल्क | नि:शुल्क | छनोट भएका कृषक | कृषक, कृषि फर्म, कृषि कम्पनी कृषक समूह वा कृषि सहकारी हुनु पर्नेछ । | सिमी,गहत,भटमासको बीउ बितरण । |
| ७ | मेसिनरी तथा उपकरण सहयोग | ३५४०००। | ५०% | ५०% | छनोट भएका कृषक | कृषक, कृषि फर्म, कृषि कम्पनी कृषक समूह वा कृषि सहकारी हुनु पर्नेछ । | सामुहिक वा नीजि रैथाने बालीको प्रशोधन केन्द स्थापनाको लागी चुट्ने मेशिन, फल्ने मेशिन, भण्डारण ब्याग वा बिन , कुट्ने तथा पिस्ने मिल । रैथाने बालीमा आधारीत परिकार बिकी गर्ने सामुहिक वा निजी रेष्टुरेन्टको लागी ओभन, मिक्चर, रेफ्रिजेरेटर, डिजिटल ब्यालेन्स खरिद बितरण । |

नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

प.स.: २०८०/०८१

गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | कोसेली घर संचालन सहयोग | २०,०००। | ५०% | ५०% | छनोट भएका कृषक | स्थानिय स्तरमा रैथाने बालिका उपज तथा खाद्य परिकार बिकि स्टल वा कोशेली घर संचालनका गर्ने ब्याक्ति । | र्याक ,स्टल लगायतका सामाग्री खरिद बितरण । |
| ९ | होमस्टे मार्फत रैथाने बाली एवं परिकार प्रवर्द्धन | २०,०००। | ५०% | ५०% | छनोट भएका कृषक | रैथाने खाद्य पदार्थ एवं परिकार सर्भ गर्ने निजि तथा सामुदायिक होमस्टे, स्थानिय रैथाने बालिका उत्पादक कृषक,कृषक समुदाय, सामुदायिक बिउ बैंक । | बिक्रि बितरणको लागी आबश्यक सामाग्री एवं प्रशोधन उपकरण बितरण । |
| १० | रैथाने बाली एवं जातको बिउ उत्पादन | ५०,०००। | ५०% | ५०% | छनोट भएका कृषक | रैथाने बाली एवं जातको संरक्षण र उपयोगलाई बढावा दिने स्थानिय स्तर्मा कियासिल सामुदायिक बिउ बैक, बिउ उत्पादक कृषक समुह तथा सहकारी। | बिउ उत्पादन, प्रशोधन, भण्डारण , तथा गुणस्तर नियन्त्रण तालिम र मेशिनरी उपकरण एवं सामाग्री बितरण । |
| ११ | सम्मान र पुरस्कार | ४०,०००। | नि:शुल्क | नि:शुल्क | छनोट भएका कृषक | रैथाने बाली उत्पादक, प्रवर्द्धन र संरक्षणमा उत्कृष्ट कार्य गर्ने कृषक/कृषि उद्यमी, कृषक समुह, सामुदायिक बिउ बैक । | सार्बजनिक कार्यकम आयोजना गरी वा आयोजित अन्य कृषि कार्यकममा पुरस्कार सहित सम्मान गर्न सकिनेछ । |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव र सक्कल निवेदन

२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

४. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

५.कृषि फर्म/ समूह/ सहकारी/ कम्पनीको हकमा नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि, पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समेत ।

थप जानकारीका लागि ९८५७६८३८१०, ९८६८३३६६२५

२०८०।८।२८

नि.प्रमुख प्रशासकीय अधिकृत

हेमन्त शाही
कृषि शाखा प्रमुख